प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, गोरखा

गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६४-४२०११३
फ्याक्स नं : ०६४-४२१५९४
Email:akcgorkha@gmail.com

पत्र संख्या: ०७७/७८

सूचना नं :१०

## प्राङ्गारिक खेती तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालनको आशयपत्र पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०७७/६/८)

यस केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम बमोजिम प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया २०७७ को दफा ३, उपदफा ३.२ (ख) मा व्यवस्था भए अनुसार गोरखा जिल्लामा उक्त कार्यक्रम अन्तरगत संभाग १ (रैथाने बाली प्रवर्द्धन कार्यक्रम) तथा संभाग २ (प्राङ्गारिक खेती कार्यक्रम) संचालन गर्न स्थानीय तहमा कृषि उत्पादन क्षेत्र निर्धारण गर्न आवश्यक रहेकोले प्राङ्गारिक खेतीको सम्भावना भएका र ईच्छुक स्थानीय तहले आफ्नो क्षेत्रभित्र प्राङ्गारिक खेती तथा रैथाने बाली संरक्षण कार्यक्रम सञ्चालन गर्न सकिने क्षेत्रहरु एकिन गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (२०७७/६/२३ गतेसम्म) यस केन्द्रमा ईच्छा पत्र पेश गर्नका लागि गोरखा जिल्लाका सम्पूर्ण स्थानीयतहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। संचालन हुने कार्यक्रमहरु तपसिल अनुसार रहेको व्यहोरा अनुरोध छ।

तपसिल

| क सं | कार्यक्रमका संभागहरु | कार्यक्रमको विवरण | कैफियत |
|---|---|---|---|
| १ | सम्भाग १- रैथाने वाली सम्बन्धी कार्यक्रम | • रैथाने वाली तथा स्थानीय लोपउन्मुख जातको वीज बृद्धि कार्यक्रममको लागि उत्पादन सामाग्री, आपूर्ती तथा प्रविधि सम्बन्धी कार्यक्रम<br>• रैथाने/ स्थानीय बालीको व्यवसायिक उत्पादनका लागि उत्पादन सामाग्री, आपूर्ती तथा प्रविधि सम्बन्धी कार्यक्रम ।<br>• रैथाने बाली तथा स्थानीय बालीको उत्पादन विविधिकरण तथा बजारीकरण सहयोग कार्यक्रम | • यस अन्तरगत मुलतः स्थानीय एवं रैथाने जातका बालीहरु उत्पादन भैरहेको, न्यूनतम प्रयासले पूर्ण प्राङ्गारिक क्षेत्र घोषणा गर्न सकिने र रासायनिक पदार्थको अनुपस्थित क्षेत्र भनी तोकिएको क्षेत्रहरु बुझिन्छ । |
| २ | सम्भाग २- प्राङ्गारिक खेती कार्यक्रम | • समूह वा सहकारीको लागि खुला जमिनमा प्राङ्गारिक उत्पादन अनुदान<br>• एकल फार्मको लागि खुला जमिनमा प्राङ्गारिक उत्पादन अनुदान<br>• प्राङ्गारिक उत्पादनको लागि प्लाष्टिक घर विस्तार अनुदान<br>• कृषि बजारको बजार प्रवर्द्धन कार्यक्रम | • यस अन्तरगत शहर आसपास तथा संभाव्य अन्य क्षेत्रका व्यवसायिक उत्पादन क्षेत्र, सिचाई तथा सडकको सहज पहुँच भएका एवं सघन तरकारी खेती प्रणाली भएका क्षेत्र । |

थप जानकारीको तथा सम्पर्कको लागि
फोन नः०६४-४२०११३
ईमेलः akcgorkha@gmail.com
वेवसाइटः www.gorkha.akc.gov.np

सम्पर्क अधिकृतः
श्री प्रमोद गैहे
स.नं.: ९८४६३६१९१८

मनिता थापा
प्रमुख

नोटः *यो कार्यक्रम प्राङ्गारिक कृषि प्रबर्द्धन कार्यक्रम संचालन प्रकृया, २०७७, को अधीनमा रही संचालन हुनेछ।*